## बैठक नं. ५०

आज मिति २०८२ साल बैशाख १२ गते शुक्रबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्बी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | कार्यपालिका सदस्य | श्री हरिराम बोगटी | |
| १४ | कार्यपालिका सदस्य | श्री जमुना महर्जन | |
| १५ | कार्यपालिका सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | कार्यपालिका सदस्य | श्री विमला थापा (कार्की) | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | कार्यपालिका सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | कार्यपालिका सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | कार्यपालिका सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री राम दत्त भट्ट | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| २ | सूचना प्रबिधि अधिकृत | श्री प्रकेश चन्द्र श्रेष्ठ | |
| ३ | नगरप्रमुख सचिवालय | श्री राज कपुर श्रेष्ठ | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |

प्रस्तावहरु

१) सामाजिक बिकास मन्त्रालय तर्फको योजना कार्यान्वयन सम्वन्धमा।

२) खेलकुद बिकास समिति अनुमोदन सम्बन्धमा ।

३) प्र.प्र.अ.का लागि घरभाडा/भान्से व्यवस्थापन सम्बन्धमा ।

४) शैक्षिक कर्जा असुली सम्बन्धमा।

५) स्व.सबिन महर्जनको परिवारलाई राहत(किरिया खर्च) सम्बन्धमा ।

६) विविध

निर्णय नं . १

हाल सम्म नगरकार्यपालिकाबाट भए गरेका निर्णय र भएका निर्णयहरुको कार्यान्वयनको स्थितिका विषयमा समिक्षा गरीयो ।

निर्णय नं . २

बागमती प्रदेश सरकार, सामाजिक बिकास मन्त्रालय, सामाजिक बिकास कार्यालय, ललितपुरको मिति २०८१-११-२८, प.सं.२०८१/२०८२, च.नं. ५३२ को पत्रबाट आर्थिक बर्ष २०८१-०८२ का लागि स्विकृत भएका कीर्तिपुर नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने तपशिल बमोजिमका योजनाका लागि आवश्यक सहजिकरणका लागि लेखि आएको हुँदा जग्गाको स्वामित्व बिद्यालय/संस्थाहरुसंग नरहेता पनि उक्त संस्थाहरु नगरपालिका अन्तरगतकै भएका र सञ्चालित योजनाहरु नगरपालिकाकै सार्वजनिक सम्पति भएकोले नगरपालिकाको संरक्षणमा रहने गरी योजना सम्झौता गरि प्रकृया अगाडी बढाउन बागमती प्रदेश सरकार, सामाजिक बिकास मन्त्रालय अन्तरगतको सामाजिक बिकास कार्यालय, ललितपुरमा सिफारिस गरि पठाउने निर्णय गरियो।

तपशिल

| | आयोजनाको नाम | बिनियोजित बजेट |
|---|---|---|
| १ | जेष्ठ नागरिक भवन निर्माण (की.न.पा. २) | १० लाख |
| २ | बाडेगाँ सामुदायिकभवन निर्माण (की.न.पा.९) | १५ लाख |
| ३ | भाजगांल नेवार गुठी एवं क्लव भवन निर्माण (की.न.पा.७) | १० लाख |
| ४ | महिला भवन निर्माण (की.न.पा.१०) | १० लाख |
| ५ | कीर्तिपुर बास्केटबल एशोसिएसन डिजिटल स्कोर बोर्ड तथा डिस्प्ले, की.न.पा.९, काठमाडौ | १५ लाख |
| ६ | गोठको चौर बहुआयामिक कबर्ड हल निर्माण, की.न.पा.-४, काठमाडौं । | २० लाख |

निर्णय नं . ३

बैठकमा पेश हुन आएको मिति २०८१/ ०१/०८ गते नगरप्रमुखज्यूबाट गठन भएको नगर खेलकुद समिति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं . ४

यस कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको निवास व्यवस्थापनका लागि (उपत्यका भित्र आफ्नै घर नभएको हकमा) २०८१ चैत्र १ गते देखि लागु हुने गरी मासिक रु २०,०००। (बीस हजार) घरभाडा र १ (एक) जना कार्यालय सहयोगी (श्रेणी बिहिन) दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं . ५

कीर्तिपुर नगरपालिका, शैक्षिक कर्जा दिने सम्बन्धमा बनेको निर्देशिका,२०७६ को अधिनमा रही नगरपालिकाले उपलब्ध गराउदै आएको शैक्षिक कर्जा सम्झौता अनुसार तोकिएको समयावधिभित्र कर्जा चुक्ता गर्न बाँकी रहेकाहरुलाई तोकिएको समयसिमाभित्र चुक्ता गर्न पत्राचार गरि असुली प्रकृया तदारुकताका साथ अगाडी बढाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं . ६

मिति २०८१ साल चैत्र १५ गते काठमाडौको तिनकुनेमा भएको आन्दोलनमा गोली लागि मृत्यु भएका वडा नं. ४ गाम्चा निवासी स्व.सबिन महर्जन प्रति हार्दिक श्रद्धाञ्जली सहित उहाँको परिवारलाई नगरपालिकाको तर्फबाट राहत स्वरुप (किरिया खर्च) रु १०००००।- (एकलाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . ७

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म / कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुस्मा एण्ड सागर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री मिनराज लामा | १० | कीर्तिपुर, | |
| २ | च्वाइस इन्फ्राटेक बिल्डर्स प्रा.लि. | श्री ललितेश्वर प्रसाद श्रीवास्तव | १ | कीर्तिपुर, | |
| ३ | एलिस एण्ड बि.जि. कन्स्ट्रक्सन प्रा.लि. | श्री राम बहादुर वली | ५ | कीर्तिपुर, | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री दृष्टि बिल्ड सोलुसन प्रा.लि. | श्री निरज कुमार चौधरी | ४ | कीर्तिपुर, | |
| ५ | अभिक  कन्स्ट्रक्सन प्रा.लि. | श्री अम्मर रेग्मी, | १ | कीर्तिपुर, | |
| ६ | माँ कुमारी कन्स्ट्रक्सन प्रा.लि. | श्री सिता पाण्डे | १ | कीर्तिपुर | |
| ७ | राज डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | श्री राजेश कोहार | ४ | कीर्तिपुर | |

<u>निर्णय नं . ८</u>

नगरपालिका क्षेत्र भित्र सञ्चालन गरी सम्पन्न भई भुक्तानी हुन नसकेका योजनाहरुको फरफारकका लागि नियमानुसार परामर्शदाता नियुक्त गर्ने र निजले पेश गरेको प्रतिवेदन र कानूनी रायका आधारमा फरफारकको प्रकृया अगाडि बढाउने निर्णय गरियो।